# आर्थिक वर्ष २०७९/८० को
# नीति तथा कार्यक्रम

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

## व्याँस गाउँपालिका
## दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल

यस गरिमामय गाउँसभामा उपस्थित व्याँस गाउँपालिका उपाध्यक्ष ज्यू,
सभाका सदस्यज्यूहरु, एवं उपस्थित सम्पूर्ण महानुभावहरु ।

नेपालको संविधान २०७२ लागु भएपछि त्यसलाई कार्यान्वन गर्न बनेको स्थानीय सरकारको दोस्रो कार्यकालका लागि २०७९ बैशाख ३० गते भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित भएका सम्पुर्ण जनप्रतिनिधी ज्यूहरुमा सर्वप्रथम हार्दिक बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधानको परिकल्पना अनुसार स्थानीय तहको दोस्रो कार्यकालका लागि देशैभर नयाँ जनप्रतिनिधी चुनिएर कार्यकाल सम्हालिसकेको यस अवस्थामा आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदाँ हर्ष लागेको छ ।

यस अवसरमा ईतिहासका विभिन्न कालखण्डमा नेपालको राजनीतिक र सामाजिक परिवर्तन तथा लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्नको लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

**यस गरिमामय गाउँसभामा उपस्थित सदस्यज्यू तथा उपस्थित राष्ट्रसेवक कर्मचारी मित्रहरु,**

भारतले अतिक्रमण गरेको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र भएको तथा धार्मीक एवं पर्यटकीय दृष्टिकोणले समेत महत्व बोकेको ब्यास गाउँपालिका देशकै भौगोलिक र सामरिक महत्व बोकेको गाउँपालिका हो ।

हिन्दु धर्मावलम्वीहरुको सबै भन्दा ठूलो धाम कैलाश मानसरोवरको आगन, सेता दन्तलहर झै टलक्क टल्केको नेपालकै गौरव अपि हिमालको बक्षस्थल, ऋषि बेद व्यासको तपोभूमि यस व्यासँ गाउँपालिकाको शैक्षिक, आर्थिक, धार्मीक, पर्यटकीय तथा सुशासन र दिगो विकासकामा योगदान गर्न आर्थिक वर्ष २०७९/८० का लागि यर्थाथमा आधारित नीति तथा कार्यक्रम ल्याएको छु । साथै स्थानीय तह निर्वाचनका क्रममा आम व्याँसबासि जनता सामु गरिएका चुनावी प्रतिवद्धता र घोषणा पत्रलाई प्राथमिकतामा राखी व्याँसको हावापानी सुहाउदो तथा उत्पादन मुलक र स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेका विशिष्ट विकास योजनाहरु नीति र कार्यक्रममा समेटिएको छ । नीति तथा कार्यक्रममै शिक्षा क्षेत्रको सुधारका लागि पर्याप्त विषयवस्तु समेटिएको छ भने व्याँस गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषिजन्य उत्पादन बृद्धि लक्षित कार्यक्रम ल्याइएको छ ।

**आदरणीय महानुभावहरु,**

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

संघीय र प्रदेश सरकारबाट यस गाउँपालिकालाई प्राप्त भएको वित्तिय समानीकरण, सशर्त, सम्पुरक, विशेष तथा अन्य अनुदान र राजस्व एवं सवारी साधन कर बाँडफाँड बापत प्राप्त हुने रकमका साथै यस ब्याँस गाउँपालिकाको आन्तिरक आय तथा विभिन्न स्रोतबाट गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम र अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त हुने रकमलाई न्यायोचित एवं समानुपातिक रुपमा विभिन्न योजना तथा कार्यक्रमहरुमा विनियोजन गरिएको छ ।

**गाउँपालिकाको सामान्य परिचय**

सुदूरपश्चिम प्रदेशको सुदूर कुनामा रहेको व्याँस गाउँपालिका दार्चुला जिल्लाको उत्तरी भागमा रहेको एक सुन्दर एवं प्राकृतिक स्रोत साधनले सम्पन्न गाउँपालिका हो ।

यो गाउँपालिका उत्तर पुर्वमा चीन तिब्बत, दक्षिण पश्चिममा भारत संग जोडिएको त्रिदेशीय सिमामा स्थित गाउँपालिका हो । यस गाउँपालिकालाई भौगोलिक अवस्था एवं जनसंख्याको आधारमा ६ वटा वडामा विभाजन गरिएको छ । नेपालकै चर्चित ठाउँहरु लिपुलेक, लिम्पियाधुरा र कालापानी जस्ता ठाउँहरु शिर भएको व्याँस गाउँपालिका छुट्टै महत्व बोकेको ठाउँ हो । व्याँस गाउँपालिकामा बसोबास गर्ने संसकृतिको धनी शौका समुदाय र द्वाल समुदाय गरि विभिन्न जातजातीको बसोबास रहेको छ ।

**अब म आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

**वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- संघिय सरकारले अवलम्बन गरेको नीति कार्यक्रम तथा बजेट
- प्रदेश सरकारले अवलम्बन गरेको नीति कार्यक्रम तथा बजेट
- व्याँस गाउँपालिकाको समग्र विकासका लागि आवश्यक देखिएका विषयबस्तुहरु
- व्याँस गाउँपालिकाका आम नागरिक तथा बुद्धिजिविहरुबाट आएका सल्लाह सुझाव
- उत्पादन मुलक र शीघ्र प्रतिफल दिने विषयहरु ।
- आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान किसिमका योजनाहरु ।
- स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि गर्ने विषयबस्तुहरु ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- परम्परागत धर्म, संस्कृति, चाडपर्व एवं मेला आदिको संरक्षण सम्वर्द्धन सहित पर्यटन विकासमा टेवा पुर्‍याउने कार्यक्रमहरु
- गाउँपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने नीतिहरु ।

**उपस्थित महानुभावहरु अब म आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु**

## आर्थिक विकास क्षेत्रमा लिएका नीतिहरु

### १.पर्यटन पुर्वाधार

- ओझेलमा परेको धार्मीक एवं पर्यकीय स्थल रानीकोट्टा र घोडेदहको संरक्षण तथा सम्वर्द्धनका लागि सीना तातोपानी हुँदै रानीकोट्टा, घोडेदह सम्म जोड्ने पदमार्गको निर्माण गरी आन्तिरक तथा बाह्य पर्यटक भित्र्याएर पर्यटनको विकासमा टेवा पुर्‍याइनेछ ।
- ब्याँस गाउँपालिका वडा नं ५ धौलाकोटमा रहेको **तामाको तउलो**को इतिहास, त्यसमा आधारित कथा लगायतका रहस्यको अध्ययन अनुसन्धान गरी पर्यटनमा टेवा पुगाइनेछ ।
- ब्यास गाउँपालिका वडा नम्बर २ मा रहको शिव तालको संरक्षण तथा पुर्वाधार निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।
- ब्याँस गाउँपालिकामा रहेका परम्परागत सुरुङ मार्ग तथा गुफाको खोज तथा जिर्णोद्धार गर्न पहल गरिने छ ।
- विभिन्न धार्मीक तथा पर्यटकीय स्थलहरुलाई जोड्नका लागि पर्यटकीय पदमार्गको गुरुयोजना निर्माण गरिनेछ ।

### १.२ कृषि क्षेत्रको विकास

- प्राविधिक ज्ञान उपलब्ध गराउन गाउँपालिका कार्यालयमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका जनशक्ति तथा सबै वडामा कृषि प्राविधिकको व्यवस्था गरिने छ ।
- ब्याँस गाउँपालिका क्षेत्रमा पाइने बुट्यान **'ढडेलो'** को संरक्षण तथा यसबाट उत्पादन हुने तेलको बारेमा अध्ययन गर्नुका साथै भटमासको तेल उत्पादन गरी तेल उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाइने छ ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- ब्याँस गाउँपालिका गाउँपालिकाको वन क्षेत्रमा प्रशस्त रुपमा पाइने पाङरको साबुन बनाउनका लागि अध्ययन अनुसन्धान गरिने छ ।
- **"कृषक हाम्रा अन्नदाता-कृषक धरतिका विधाता"** भन्ने नारा सहित कृषकलाई प्रोत्साहन तथा प्रशिक्षणका लागि प्रत्येक वडाहरुमा नमुना हरित गृह निर्माण गरि कृषि उत्पादनलाई बृद्धि गरिने छ ।
- बाखा नभएका एकल महिलाहरुलाई **"एक घर एक बाखा"** कार्यक्रम अन्तर्गत उन्नत जातको बाखा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिने छ ।
- रैथाने बालिको संरक्षण सम्वर्द्धन र विस्तार ब्याँसको खाद्य पोषण सुरक्षा र कृषकको आम्दानीको आधार भन्ने मुल नाराका साथ रैथाने बालि प्रर्वद्धन कार्यक्रममा विशेष जोड दिइनेछ ।
- ब्याँस गाउँपालिकामा दुईवटा दुँहुनो भैसी पालेका कृषक परिवारलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन र सम्मान गरिने छ ।
- कृषि सम्बन्धी तथ्याङ्क अद्यावधिक कार्यलाई थप प्रभावकारी बनाइ हिउँदे बाली तथा वर्षे बालीको उत्पादन तथ्याङ्क संकलन गरी उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ ।
- कृषि उपजहरुको बजारिकरण र भण्डारण गर्न संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कोल्ड स्टोरको निर्माण कार्यलाई अघि बढाइनेछ ।
- बेमौसमी तरकारी खेतीका लागि प्लास्टिक घर निर्माणका कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि ज्ञान केन्द्र दार्चुला संगको लागत साझोदारीमा कृषि सम्बन्धी आवश्यक काम गरिने छ ।
- प्राङ्गारिक मल उत्पादनका लागि भर्मिक कम्पोष्ट मल निर्माण गर्ने कार्य अघि बढाइनेछ भने बाँझो जमिनमा खेती गर्ने कृषकहरुलाई पहिचान गरि सम्मान गरिने छ ।
- **"गाउँपालिका अध्यक्ष, किसानको साथी"** भन्ने मुल नाराका साथ एकघर १० फलफुल विरुवा रोपण कार्यक्रममा जोड दिइनेछ ।
- **"माटो जोगाऔं, उत्पादन बढाऔं"** भन्ने मुल नाराका साथ कृषकको खेतबारीको माटो परिक्षण गरी माटो सुहाँउदो खेतिगरी उत्पादन बृद्धि गर्न प्रोत्साहन गरिने छ ।
- कृषक समुह र सहकारी मार्फत चक्लाबन्दिमा खेती गरी उत्पादनको प्रशोधन र बजारिकरण गरिने छ ।
- गाउँपालिकाबाट कृषि क्षेत्रमा अध्ययन अनुसन्धानका लागि एक वडा एक कृषि अध्ययन केन्द्र स्थापना गरिने छ ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- निरोगी पशुपालन गरी स्वस्थ्य र गुणस्तरिय पशुपंक्षि जन्य उत्पादनको लागि पशु स्वास्थ्य सेवालाई पहिलो प्राथमिकतामा राख्दै पशुपंक्षिहरुमा बेला-बेला देखा पर्ने विभिन्न रोग, परजिविहरुको नियन्त्रणका लागि औषधि, खोप सेवा लगायत किसानहरुलाई निःशुल्क रुपमा पशु स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- पशुपालनमा व्यवसायिकरण, आधुनिकिकरण गर्न तथा स्वस्थ पशुपंक्षिको उत्पादन बृद्धिका लागि पशु आहारा विकास कार्यक्रम र नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम प्रभावकारी रुपमा अघि बढाइने छ ।
- कृषक शिक्षाका लागि कृषक संग गाउँपालिका अध्यक्ष रेडियो कार्यक्रम सञ्चालन गरिने छ ।
- पोषण सुधार तथा आय आर्जन बृद्धिको लागि ग्रामिण कुखुरा प्रर्वद्धन कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषिजन्य उत्पादन बृद्धिका लागि स्थानीय नागरिकको बाँझो वा कृषि उत्पादनमा प्रयोग गर्न नसकेको जमिन भाडामा लिई बेरोजगार युवाहरु परिचालन गरी गाउँपालिकाको आफ्नै अन्न भण्डार सञ्चालन गरि खाद्यान्नमा गाउँपालिकालाई आत्मनिर्भर बनाइने छ ।
- व्याँस गाउँपालिकाको स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न आगन्तुक र पाहुनाहरुलाई स्थानीय उत्पादनको उपहार दिन कोसेली घर स्थापना गरिने छ ।
- पुष्प खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिने छ ।

## २.सामाजिक विकास क्षेत्र

### २.१ शिक्षा क्षेत्र

- नेपालको संविधान २०७२ ले परिकल्पना गरेको आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक शिक्षा निःशुल्क लाई आत्मसाथ गर्दै गाउँपालिका भरि रहेका सामुदायीक विद्यालयहरुका माध्यमिक तथा सम्मको शिक्षा निःशुल्क गरिने छ ।
- **"प्रधानाध्यापकले चाहेमा सक्छन्"** कार्यक्रम अर्न्तगत प्रधानाध्यापकको क्षमता अभिबृद्धि, नमुना विद्यालयको अवलोकन भ्रमण र प्रधानाध्यापकको उचित भत्ताको व्यवस्था गरिने छ ।
- **"शैक्षिक समुन्नती कार्यक्रम"** अर्न्तगत
  - प्रारम्भिक बालविकासलाई प्रभावकारी बनाउन दुई भागमा बर्गिकरण गरि आवश्यक व्यवस्थापन गरिने छ साथै बालविकास सहजकर्ताहरुको क्षमता अभिबृद्धिका लागि तालिमको व्यवस्थापन गरिनेछ ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालनको गरिने छ।
- गाउँपालिका भित्र रहेका सम्पुर्ण टुहुरा बालबालिकाहरुलाई शिक्षा र स्वास्थ्य व्यवस्थापनका लागि मासिक रुपमा भत्ताको व्यवस्था गरिने छ साथै जेहेनदार, अपाङ्ग र गरिब विद्यार्थीलाई छात्रबृती प्रदान गरिने छ।

- **"एक टोल, एक बालविकास-गुणस्तरीय शिक्षाका आभास"** कार्यक्रम लागु गरिने छ।
- दुर्गम वस्ती र घरपरिवारका बालवालिका हरुका लागि **"अभिभावक शिक्षक"** कार्यक्रम अर्न्तगत घरमै प्रारम्भिक बालविकास शिक्षा उपलब्ध गराइनेछ।
- प्रारम्भिक बालविकासमा भर्ना भएका बालवालिकाहरुको क्षमता विकास र प्रविधियुक्त सिकाईका लागि Kids Tablet (Digital LCD writing Tablet) कार्यक्रम सञ्चालन गरिने छ।
- **"युवाहरुलाई आह्वान, रोजगारीमा प्रोत्साहन"** कार्यक्रम अर्न्तगत लोक सेवा आयोग, शिक्षक सेवा आयोगका तयारी कक्षाहरु तथा सुरक्षाकर्मीमा भर्ना हुन चाहानेहरुका लागि निःशुल्क पुर्व तयारीका कक्षाहरु सञ्चालन गरिने छन्।
- एसइइ परीक्षामा उच्चतम् नतिजा ल्याउने विद्यालय र विद्यार्थीलाई पुरस्कार सहित सम्मान गरिने छ।
- व्याँस गाउँपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुलाई एम.वि.वि.एस. अध्ययनका लागि छात्रबृती उपलब्ध गराइनेछ। साथै मध्यम स्तरिय जनशक्ति उत्पादन अर्न्तगत स्टाफ नर्स, ओभरसियर र हेल्थ एसिस्टेन्ट पढ्न चाहाने विद्यार्थीहरुका लागि छात्रबृतीको व्यवस्था गरिने छ।
- शिक्षकहरुको पेसागत विकास तालिम टि.पि.डी सञ्चालन गरि शिक्षकहरुको क्षमता विकास गरिनुका साथै अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरि अभिभावक र विद्यालय विचको सम्बन्ध सुमधुर बनाइने छ।
- गाउँपालिकाको शिक्षा विकास शाखामा एकजना I.T को व्यवस्था गरिने छ। साथै विद्यालयहरुमा नेपाल टेलिकम संगको सहकार्यमा दुत्र गतीको इन्टरनेट सेवा सञ्चालनमा ल्याइनेछ।
- गाउँपालिका भरिका विद्यालयहरुमा एउटै रङ्ग तथा एउटै विद्यालय पोसाक प्रयोगमा ल्याइने छ।
- विद्यालयको सुचकको आधारमा श्रेणी विभाजन गरिने छ भने उत्कृष्ट अभिभावकलाई सम्मान गरिने छ।
- गाउँपालिकामा एउटा प्राविधिक धार अर्न्तगत कक्षा ९-१२ को विद्यालय सञ्चालन गर्नका लागि पहल गरिने छ।
- **"कक्षाकोठामा शिक्षक, विद्यालयमा अभिभावक"** कार्यक्रमका लागि शैक्षिक डायरीको व्यवस्था गरिने छ भने आधारभुत तहमा स्थानीय पाठ्यक्रम लागु गरिने छ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- आवासीय सुविधा सहितको नमुना विद्यालय विकासका लागि संघिय सरकार संग समन्वय गरिने छ।
- गाउँपालिका भरिका विद्यालयहरुको परीक्षा केन्द्रहरु कायम गरि आधारभुत तह कक्षा ५ र ८ को परीक्षा सञ्चालन गरिने छ।
- बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुको न्युनतम् वेतन कायम गरिने छ।
- नक्साङ्कन गरि विद्यालय मर्ज र समायोजन गरेर स्रोत साधन सम्पन्न बनाइनेछ।
- गाउँपालिका भित्र रहेका विद्यालयमा विद्यार्थी संख्याको आधारमा नियमित रुपमा दरबन्दी मिलान गरिने छ।
- गाउँपालिका भरि रहेका विद्यालयहरुमा बृक्षारोपण र फुलबारी निर्माण गरि हरित विद्यालय बनाइने छ। साथै प्रत्येक माद्यमिक विद्यालयमा बगैंचा माली र चौकिदारको व्यवस्था गरिने छ।
- ब्यासँ गाउँपालिका भित्र शिक्षक सेवाबाट सिफारिस भइ आउने शिक्षकले तोकिएको विद्यालयमा कम्तीमा २ वर्ष सेवा गर्नुपर्ने छ।
- विद्यालय नर्स कार्यक्रमका लागि संघिय सरकार संग समन्वय गरिने छ।
- गाउँपालिका भित्र रहेका विद्यालयहरुमा विद्यार्थीको सहज बसाईका लागि सुविधा सम्पन्न फर्निचरको व्यवस्थापन गरिने छ।
- विद्यालय शिक्षाकै लागि गाउँबाहिर जाने अभिभावक तथा विद्यार्थीहरुका लागि अभिभावक भेटघाट कार्यक्रम अर्न्तगत घरदैलो कार्यक्रम सञ्चालन गरिने छ।
- ब्याँस गाउँपालिका भरिका विद्यालयहरु तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको विद्यालय सञ्चालन कार्यविधि लागु गरिने छ।

## २.२ स्वास्थ्य क्षेत्र

- ब्याँस गाउँपालिकामा **एम.वि.वि.एस** डाक्टरको व्यवस्था गरि सुविधा सम्पन्न एक्सरे, अल्ट्रासाउण्ड, ल्याबको व्यवस्था गरि जनतालाई घरदैलोमै स्वास्थ्य सुविधा उपलब्ध गराइने छ।
- **"अपाङ्ग तथा असहाय नागरिकको अभिभावक गाउँपालिका अध्यक्ष"** कार्यक्रम अर्न्तगत असहाय र अशक्त व्यक्तिहरुको पुर्नस्थापना र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ।
- स्थानीय नागरिकहरुको स्वास्थ्य सेवा सुविधाका लागि स्वास्थ्य ईकाइ केन्द्रको स्थापना गरिने छ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- व्याँस गाउँपालिकामा आधारभुत स्वास्थय सेवा तथा आकस्मिक सेवाको पहुँच बढाउन तथा प्रभावकारी बनाउन आवस्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई तथा वर्थिङ सेन्टर थप विस्तार गरिने छ । साथै स्वास्थ्य संस्थाहरुमा सञ्चानमा रहेका प्रसुति गृहको स्तरोन्नति गरिने छ ।
- स्वास्थ्य सेवालाई समुदाय स्तर सम्म पहुँच बढाउन योगदान गर्दै विगत लामो समय देखि काम गर्दै आइरहेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गरिने छ ।
- व्याँस गाउँपालिका अर्न्तगतका आकस्मिक विरामी, गर्भवती, प्रसुती तथा सुत्केरी अवस्थामा जोखिममा रहेकाहरुको लागि जिल्ला अस्पताल दार्चुला सम्म **एम्बुलेन्स सेवा निःशुल्क** गरिने छ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक जनचेतना फैलाई सेवाग्राहीलाई सेवाको मुल प्रवाहमा ल्याउन आवश्यक पहल गरिने छ ।
- प्रत्येक व्याँसबासी जनताको सकारात्मक सोचको विकास गर्न तथा नसर्ने रोगहरुको रोकथाम र नियन्त्रणका लागि जनचेतना फैलाउन योग शिविर सञ्चालन गरिने छ ।
- ग्रामीण अल्ट्रासाउण्ड सेवालाई थप प्रगाढ बनाउन आवश्यक थप जनशक्ति व्यवस्थापन गरी आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- ल्याब सेवा विस्तारका लागि आवश्यक सामग्री तथा जनशक्तिका लागि पहल गरिने छ ।
- खोप सेवालाई थप गुणस्तरीय बनाउन कोल्डचेन सेन्टरको स्थापना गरिने छ भने स्वास्थ्य संस्थाहरुमा वैकल्पिक उर्जाको व्यवस्थापन गरिने छ ।
- परिवार योजना कार्यक्रम अर्न्तगत परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी बनाउन सेवा विस्तार गरि पहुँच बढाइने छ ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गरी स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाइने छ ।
- नेपाल सरकारले तोकेका मापदण्ड र स्थानीय सरकारको कार्यविधि अनुसार विपन्न तथा दीघरोगीहरुलाई उपचारमा सहुलियत प्रदान गरिने छ ।
- गाउँपालिका अर्न्तगतको प्रस्तावित आधारभुत अस्पतालको स्थापनाको प्रक्रियालाई अघि बढाउन सम्बन्धित निकाय संग समन्वय र सहकार्य गरिने छ ।
- स्थानीय सरकारको एकल अधिकार भित्र पर्ने आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाईमा विषेश जोड दिइनेछ ।
- बर्थिङ सेन्टर नभएका वडामा बर्थिङ सेन्टरको स्थापना गरिने छ ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- प्रत्येक सामुदायीक संस्था र भवनमा स्टेचरको व्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्थाहरुलाई किसोर किसोरी मैत्री बनाइने छ ।
- गाउँपालिका भरिका प्रत्येक नागरिकको रक्त समुह परिक्षण गरिने छ ।

## २.३ लैङ्गिक समानता र समावेशीकरण

- महिला अधिकारको सम्मान गर्दै **'महिला-पहिला'** भन्ने नारा सहित महिलाको क्षमता अभिबृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छन् ।
- व्याँस गाउँपालिका भरि महिला हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसाको अन्त्यका लागि महिला सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिने छ ।
- एकल र निम्न आयस्तर भएका महिलाहरुलाई आत्म निर्भर बनाउनका लागि सिप मुलक तालिम सञ्चालन गरिने छ ।
- लैङ्गिक हिंसा पिडीत महिलाको तत्काल उद्धार तथा सहयोगका लागि स्थानीय हिंसा पिडीत तथा राहत कोष स्थापना गरि सञ्चालन गरिने छ ।
- गाउँपालिका भरि रहेका बालवालिकाहरुको लागि बालविवाह, बालअधिकार, वालश्रम शोषण सम्बन्धी जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
- किशोर किशोरीहरुका लागि लागुपदार्थ दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- **"विहेबारी २० वर्ष पारि"** भन्ने नारालाई टेवा पुर्‍याउनका लागि कक्षा १२ पास गरि विहे गर्ने आर्थिक अवस्था कमजोर भएका छात्राहरुलाई प्रोत्साहन स्वरुप सम्मान गरिने छ ।
- ग र घ बर्गको अपाङ्गता परिचयपत्र भएका व्यक्तिहरुका लागि सिप विकास तालिम सञ्चालन गरिने छ ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, जेष्ठ नागरिक दिवस, अर्न्तराष्ट्रिय अपाङ्गता दिवस, महिला दिवस लगायतका कार्यक्रमहरु भव्यताका साथ मनाइने छन् ।
- धार्मिक तथा सामाजिक पर्वको रुपमा रहेका गौरा र तीज विषेश कार्यक्रमका लागि आवश्यक ब्यवस्थापन गरिने छ ।
- असहाय र एकल पुरुषलाई मासिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिने छ ।
- अति गरिब परिवारको पहिचान गरि **विद्युत निःशुल्क** गरिने छ भने धार्मिक तथा सार्वजनिक स्थानमा सडक बत्तिको व्यवस्था गरिनेछ ।
- दलित समुदायको परम्परागत पेशालाई संरक्षण र सम्बर्द्धनका लागि बजेटको व्यवस्था गरि परम्परागत बाजाँगाजाको पुर्नःसंरचना एवं पुर्नःउत्थान गरिने छ ।

लाल सिंह धामी
गा.पा. अध्यक्ष

- छुवाछुत अन्त्यका लागि जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- किशोरीहरुलाई आत्मरक्षा समबन्धी तालिमको व्यवस्था गरिने छ ।
- प्रत्येक वडामा सामाजिक मेलमेलाप केन्द्र गठन गरिने छ ।

## २.४ संस्कृती विकास

- **"द्वाल तथा शौका"** (होलङ तथा रं) भाषाको संरक्षण तथा सम्वर्द्धनमा योगदान पुऱ्याएका व्यक्तित्वलाई सम्मान गर्ने तथा भाषाको संरक्षणमा प्रोत्हासन गरिने छ । साथै ब्याँस गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सबै थर गोत्रको बंशावली तयार गर्न प्रोत्साहन गरिने छ ।
- ऐतिहासिक तथा पौराणिक व्यक्तित्वहरु भुवावली भाट, कालु कुंवर, कालु बमं, कालु धामी, कालु बडु र रमा दमाई तथा पाइकहरु सरु र सुमेरुको प्रतिमाका साथै अध्ययन केन्द्रको स्थापना गरिने छ ।
- स्थानीय कला, भाषा र संस्कृतीको संरक्षण तथा विकासका लागि गाउँपालिका भित्र रहेका विद्यालयहरुमा विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- समाजको जिउदाँ इतिकासको रुपमा रहेका जेष्ठ नागरिकहरुको ज्ञान र सिप नयाँ पुस्तामा हस्तान्तरणका लागि युवा पुस्तासंग अर्न्तक्रिया कार्यक्रम गरिने छ ।
- स्थानीय परम्परागत झोडा, जागर, फाग, सगुनको संरक्षण गर्न स्थानीय प्रशिक्षकबाट महिलाहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- समाजमा व्याप्त अन्धविश्वास र परम्परागत रुढीबादी भावनाको अन्त्य गर्नका लागि स्थानीय गन्यमान्य व्यक्तिहरु संगको सहकार्यमा **"आध्यात्म र विज्ञानको संयोजन"** कार्यक्रम सञ्चालन गरिने छ ।
- व्याँस गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा लाग्ने धार्मीक एवं ऐतिहासिक जात्राहरुको व्यवस्थापन गरिने छ ।
- शान्ति सुरक्षा र अपराधिक घटना हुन नदिन नेपाल प्रहरी संगको सहकार्यमा समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- शौका समुदायको संस्कृतीको धरोहरको रुपमा रहेको **स्थानीय मदिरालाई ब्राण्ड** बनाउन पहल गरिने छ । साथै शौका समुदायको संसाकृतिक प्रयोगमा बाहेक गैर कानुनी रुपमा रहेको स्थानीय घरेलु मदिराको बेचविखन, ओसारपसार र उत्पादनमा रोक लगाइने छ ।
- भारतले अतिक्रमण गरेको नेपाली भूमी कापालापानी, लिपुलेक, लिम्पियाधुरा क्षेत्रको आवाज उठाउने तथा त्यस क्षेत्रका नागरिकलाई सेवा सुविधा पुगाउन सहयोग पुगाएका राष्ट्रबादी नेताहरु प्रेम सिह धामी, बहादुर सिह ऐतवाल र

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

गोपाल सिह बोहराको व्याँस गाउँपालिका वडा नम्बर १ गागामा शालिक स्थापना गरेकोमा प्रेम सिह धामी स्मृती प्रतिष्ठानलाई धन्यबाद दिँदै त्यसको संरक्षण र दिगो व्यवस्थापन गरिने छ ।

- व्यास गाउँपालिका वडा नम्बर १ छाङरुमा राष्ट्रिपति राष्ट्रिय स्मारकको स्थापना गरिने छ ।
- **अतिक्रमित भूमि गुञ्जी, कुटी र नाभिका जनसमुदायको नेपाली नागरिकता प्रमाणपत्रको लागि पहल गरिने छ ।**
- उच्च हिमाली वस्ती तिंकर र छाङको जनसमुदायका लागि विषेश प्याकेजको कार्यक्रम ल्याइने छ ।
- सुचना र सञ्चारको भरपर्दो र सर्वसुलभ साधनको रुपमा रहेको सामुदायिक रेडियोको व्याँस गाउँपालिका क्षेत्रमा कभरेज विस्तार गरिने छ ।
- व्याँस गाउँपालिकामा आउने नयाँ पाहुँनालाई स्वागतमा स्थानीय सामग्रीको प्रयोग र भोजनमा स्थानीय उत्पादनका परिकारहरु खुवाउन प्रोत्साहित गरिने छ ।
- नेपाल टेलिकम संगको सहकार्यमा व्याँस गाउँपालिकाका विभिन्न वस्तीहरुमा सञ्चार तथा इन्टरनेट सेवा विस्तार गरिने छ ।

## २.५ सामाजिक विकासका विविध क्षेत्र

- सहकारी कर्मीहरुको क्षमता विकासका लागि सहकारी संस्थाहरु संगको सहकार्यमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यक्तिगत घटना तथा सामाजिक सुरक्षालाई सुदृढिकरण गर्न वडा कार्यालयका कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिने छ ।
- वडा कार्यालयमा घटना तथा सामाजिक सुरक्षा अनलाईन दर्ता गर्न नेट तथा विद्युत आपुर्तिको बैक्लिपिक व्यवस्था गरिने छ ।
- घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी छुटेका लाभग्राहिका लागि दर्ता शिविरको व्यवस्था गरिने छ ।
- CTEVT संगको समन्वयमा युवाहरुलाई पलम्बर, विद्युत वाररिङ, वेल्डिङ, मोबाइल रिपेयरिङ, सिकर्मी, डकर्मी जस्ता सिप सिकाई रोजगारको सिर्जना गरिने छ ।
- **"एक घर एक धारा"** कार्यक्रमका लागि प्रत्येक वडामा पलम्बरको व्यवस्थाका साथै खानेपानी तथा सरसफाई शाखाको कर्मचारी सहितको व्यवस्था गरिने छ ।
- व्याँस गाउँपालिका क्षेत्रमा विद्युत लाईन मर्मत तथा सम्भारका लागि विद्युत प्राधिकरण वितरण केन्द्र दार्चुला संगको सहकार्यमा इलेक्ट्रिसियनको व्यवस्था गरिने छ ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- सार्वजनिक स्थानमा सार्वजनिक शौचालय तथा कुडेदानको व्यवस्था गरिने छ ।
- पुराना कपडाको पुन: प्रयोगका लागि **"फोहोरबाट मोहर"** कार्यक्रम सञ्चालन गरिने छ ।
- सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले संगको सहकार्य र समन्वयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
- सहकारी संस्था संस्था सम्बन्धि मौजुदा कानुन र उद्देश्य अनुसार सेवाप्रवाह गर्न नसकेको संघ संस्थाहरु विघठन गरि उद्देश्य र प्रकृती मिलेका सहकारी संस्था संग नियमानुसार एकिकरण गरिने नीति अवलम्बन गरिने छ ।

## ३. पूर्वाधार विकास क्षेत्र

- सडक र सवारीका लागि भारतीय बाटो भएर जानुपर्ने व्यास बासिको बाध्यता अन्त्य गर्नका लागि दार्चुला-तिंकर सडकको स्तरोन्नती गर्न पहल गरिने छ ।
- **व्यास गाउँपलिका वडा नम्बर १ को छाङरु र तिंकर गाउँका जनतालाई आफ्नो भूमीमा पाइला टेक्न भारतीय बाटो प्रयोग गर्नुपर्ने अवस्थाको अन्त्यका लागि दुम्लिङ देखि छाङरु हुदैं तिंकर सम्म हिमाली पदमार्ग निर्माण गरिने छ ।**
- विद्युत प्राधिकरण वितरण केन्द्र दार्चुला संगको सहकार्यमा विद्युतीकरण हुन बाकि रहेका गाउँपालिका भित्रका बस्तीहरुमा विद्युतीकरण गरि उज्यालो पालिका बनाइनेछ ।
- व्याँस गाउँपालिकाका प्रत्येक वडामा वडाको पहिचान झल्किने गरी गौरवको योजना अघि बढाइने छ ।
- **व्याँस गाउँपालिका वडा नम्बर ४ को मुसदाङ देखि मालधार र माल धारबाट कोटुम्दा सम्मको दोभान माथीको झोलुङ्गे पुल निर्माण गर्न पहल गरिने छ ।**
- विकट गाउँ, वस्ति, विभिन्न धार्मीक तथा पर्यटकीय स्थल जोड्ने सडक तथा विभिन्न पुर्वाधारका कार्यक्रम निर्माणका लागि विस्तृत योजना प्रतिबेदन डि.पि.आर. बनाइने छ ।
- एक वडा एक खेलकुद मैदान निर्माण गर्न पहल गरिने छ ।
- गाउँपालिकामा हुने विभिन्न कार्यक्रम सञ्चालन एवं सार्वजनिक कार्यक्रमहरुको व्यवस्थापनका लागि गाउँपालिकाको केन्द्र नजिक एउटा **"कालापानी हल"** निर्माण गर्न पहल गरिने छ ।
- व्याँस गाउँपालिका अन्तरगत माटोको छत भएका घरहरुको छत विस्थापन गरि जस्तापाता वितरण गरिने छ ।
- गाउँपालिका भित्र रहेका ग्रामिण सडकहरुको स्तरोन्ती गरिने छ ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

## ४. वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

- वन जंगलको संरक्षण र सम्वर्द्धनका लागि अपि नाम्पा संरक्षण क्षेत्र संगको सहकार्यमा सामुदायीक बनहरु निश्चित समय सम्म खोल्ने र बन्द गर्ने गरि चरन क्षेत्र व्यवस्थित बनाइनेछ ।
- व्यास गाउँपालिकाको वडा नम्बर ४ को **मडगाउँ-भुलचौरा-चौसिला पहिरोलाई** संवेदनशिल (उच्च जोखिम युक्त) क्षेत्र घोषणा गरि पहिरो रोकथामका लागि संघीय र प्रदेश सरकार संगको सहकार्यमा विषेश कार्यक्रम सञ्चालन गरिने छ ।
- व्याँस गाउँपालिका वडा नं ४ गल्था पहिरो वडा नम्बर ३ सीना तथा तुसपानी पहिरो रोकथामका लागि उपयुक्त विरुवाहरु बृक्षारोपण गरिने छ । साथै बृक्षारोपण गरिएका विरुवाहरुको संरक्षण गरिने छ ।
- बाँझो जमिनमा फलफुलका विरुवाहरु रोप्नका लागि कृषकलाई प्रोत्साहित गरिने छ । साथै फलफुलका विरुवाहरु अनुदानमा उपलब्ध गराउने व्यवस्था गरिने छ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- गाउँपालिका भरिका वडा कार्यालय तथा प्रत्येक शाखाहरुमा नागरिक वडापत्रको व्यवस्था गरिने छ ।
- गाउँपालिका क्षेत्रमा भइरहेका विकास निर्माण तथा कार्यालयवाट भइरहेका सेवाप्रवाह र जनताका समस्या तथा गुनासो सम्बोधनका लागि कल सेन्टर स्थापना गरि **'गाउँपालिका अध्यक्ष जनताका सेवक'** कार्यक्रम सञ्चालन गरिने छ ।
- सूचना पाउने जनताको अधिकारलाई सम्मान गर्दै प्रत्येक दुई महिनामा गाउँपालिका तथा वडा कार्यालयहरुले गरेको सेवा प्रवाह एवं सम्पादन गरेका क्रियाकलापहरुको **प्रगति विवरण सार्वजनिक गर्ने** व्यवस्था गरिने छ ।
- गाउँपालिका भरि रहेका स्वास्थ्य सेवाहरुको सेवालाई प्रभावकारी र जनउत्तरदायी बनाउन स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- जनताप्रति जनप्रतिनिधी र कर्मचारीलाई उत्तरदायी बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनें छ ।
- जनतावाट उठ्ने करलाई व्यस्थित रुपमा सरकारको खातामा पुगाउन व्यवस्थित रुपमा अनलाईन प्रणालीको विकास गरिने छ ।

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

- ब्याँस गाउँपालिकाको "विकासको निकास"कार्यक्रम अर्न्तगत विषेश विज्ञहरुको व्यवस्था गरिने छ ।
- सुशासन युक्त गाउँपालिका कार्यक्रम अन्तरगत गाउँपालिका अन्तरगतका र वडा कार्यालय अन्तरगतका आन्तरिक कार्यहरुलाई छिटो सजिलो र सलभ, पारदर्शी तरिकाले कार्यान्वयन गराउन आन्तरिक कार्यको सफ्टवेयर संचालन गरिने छ ।
- संघ, प्रदेश र स्थानीय तहबाट विनियोजन भएका योजनाहरुको उपभोक्ता समितिका पदाधिकारीलाई योजना सञ्चालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालय कर्मचारी र विभिन्न वडा कार्यालयका तथा लेखा कर्मचारीहरुका लागि पेशागत क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

**आदरणीय उपस्थित महानुभावहरु अन्तमा**

ब्याँस गाउँपालिकाको समय तथा परिवेश सुहाउदो नीति तथा कार्यक्रम निर्माणमा सल्लाह सुझाव दिनु हुने बुद्धिजीवी महानुभावहरु, कर्मचारी मित्रहरु तथा आम ब्याँसबासि जनसमुदायमा हार्दिक आभार व्यक्त गर्दै गाउँपालिका नेतृत्व र सम्पुर्ण जनप्रतिनिधी एक भएर यस ठाउँको भाग्य र भविष्य निर्माणमा योगदान गर्ने प्रतिबद्धता गर्दछु । धन्यबाद । नमस्कार

**प्रस्तुत गर्ने**
मंगल सिह धामी
ब्याँस गाउँपालिका अध्यक्ष
मितिः २०७९/०३/१० गते

मंगल सिंह धामी
गा.पा. अध्यक्ष

मंगल सिंह धामी
गा.पा. अध्यक्ष